नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(प्रशासन शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

२०८१/८२/१/११

पत्र संख्या:-
प्राप्त पत्र संख्या ………
च.नं.:-१८२२

मिति : २०८२/०२/२७
नेपाल संवत् ११४५

विषय :- जानकारी एवम् आवश्यक कार्यार्थ सम्बन्धमा ।

**श्री महाशाखा, सबै ।**
**श्री नापी कार्यालयहरु, सबै ।**
**श्री विशेष नापी कार्यालयहरु, सबै ।**
**श्री डिजिटल नापी कार्यालय, बनेपा ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. १.१/प्र/२०८१/०८२/१(१)२१, च.नं प्र/४३, मिति २०८२/०२/१९ को जानकारी एवम् आवश्यक कार्यार्थ सम्बन्धी पत्रसाथ प्राप्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारको प.सं.०८१/८२, च.नं.प्र/३/६२४६, मिति २०८२/०२/११ को कर्मचारी व्यवस्थापन सम्बन्धी पत्रबाट नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कर्मचारी व्यवस्थापन, शासकीय प्रबन्ध एवम् सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन आवश्यक कार्यार्थ लेखि आएको हुँदा उक्त पत्रको छाँया प्रति पाना २(दुई) जानकारी एवम् आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अनन्तराज लामिछाने)
शाखा अधिकृत

**बोधार्थ :**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री योजना तथा जग्गा प्रशासन शाखा, नापी विभाग ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(प्रशासन शाखा)

फोन नं.

फ्याक्स

सिंहदरबार, काठमाडौं

पत्र संख्याः- १.१/प्र/२०८१/८२/१(१)२१
चलानी नं. ५/४३

मितिः- २०८२/२/१९
नेपाल संवत् ११४५

विषयः- जानकारी एवं आवश्यक कार्यार्थ सम्बन्धमा।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं।
श्री नापी विभाग, मिनभवन, काठमाडौं।
श्री सहकारी विभाग, नयाँबानेश्वर, काठमाडौं।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोक।
श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँबानेश्वर, काठमाडौं।

दर्ता नं. ३४९८
प्राप्त मिति २०८२/२/२५

प्रस्तुत विषयमा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारको प.सं.०८१/८२, च.नं. प्र/३/६२४६, मिति २०८२/२/११ को कर्मचारी व्यवस्थापन सम्बन्धी पत्र यसैसाथ संलग्न छ। सो सम्बन्धमा नेपाल सरकार, प्रदेश र स्थानीय तहको कर्मचारी व्यवस्थापन, शासकीय प्रबन्ध एवं सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन प्राप्त पत्रको छाँयाप्रति पाना २ (दुई) यसैसाथ संलग्न राखी जानकारी एवं आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(सुरज तिम्सिना)
शाखा अधिकृत

बोधार्थः-
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०८१-८२
च.नं.:- प्र/३/६२४६

मिति: २०८२/०२/११
ने.सं. ११४५

प्रिय सहकारी,
सबै मन्त्रालय

विषयः कर्मचारी व्यवस्थापन सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. प्र./३११/१२४०, मिति २०८१/०५/२७ को पत्रबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दरबन्दी र कार्यरत कर्मचारी तथा रिक्त पदको विवरण एकिन गरेर मात्र सरुवा गर्न, सोको अभिलेख कर्मचारी सूचना प्रणाली (PIS) मा अद्यावधिक गर्न/गराउन एवम् तहगत सम्बद्ध निकायसँग समन्वय गरी प्रदेश र स्थानीय तहमा आवश्यक कर्मचारी व्यवस्थापन गर्न अनुरोध गरिएको तथा च.नं. भ्र.नि./५२१/३२७६, मिति २०८१/०९/२१ को पत्रबाट गृह मन्त्रालय तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पदस्थापन/जिम्मेवारी तोक्न बाँकी कर्मचारीहरूलाई प्रचलित कानुन बमोजिम ३ दिनभित्र जिम्मेवारी दिन अनुरोध गरिएको एवम् श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षतामा प्रत्येक महिनामा सम्पन्न हुने सचिव बैठकमा समेत कुनै पनि मन्त्रालय/निकायले कर्मचारीलाई कानुन विपरित जिम्मेवारीविहिन बनाई नराख्ने तथा कर्मचारीहरूको सरुवा, काज र पदस्थापनलाई व्यवस्थित बनाउने सम्बन्धमा छलफल भइ निर्णय भएको व्यहोरा स्मरण गराउन चाहन्छु।

यस सन्दर्भमा अद्यापी कतिपय मन्त्रालय र मातहत कार्यालयहरूमा दरबन्दी भन्दा बढी संख्यामा कर्मचारीहरू रहिरहेको, कतिपय कर्मचारीलाई समयमै पदस्थापन नगरी जिम्मेवारीविहिन अवस्थामा राखेको तथा स्वीकृत दरबन्दी बमोजिम कर्मचारीहरूको पदस्थापन नगरी त्यो भन्दा तल्लो पद र श्रेणीका कर्मचारीहरूलाई जिम्मेवारी दिएको भन्ने गुनासो आइरहेकोप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। अतः कर्मचारी व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाई नेपाल सरकार, प्रदेश र स्थानीय तहको शासकीय प्रबन्ध र सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन देहायबमोजिम गर्न गराउन पुनः अनुरोध गर्दछु।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०८१-८२
च.नं.:- प्र/३/६२४६

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

देहाय

१. तीनवटै तहमा दरबन्दीअनुसार मात्र कर्मचारी सरुवा/पदस्थापन गर्ने।

२. सबै मन्त्रालयले जिम्मेवारीविहिन अवस्थामा रहेका कर्मचारीहरूलाई ३ दिनभित्र जिम्मेवारी तोक्ने।

३. कुनै विशेष कारण नपरी एउटै कार्यालयमा उही कर्मचारीलाई दोहोऱ्याएर सरुवा/पदस्थापन नगर्ने। बिनाकारण समय अवधि नपुगी एउटै कर्मचारीको पटक पटक सरुवा नगर्ने।

४. बजेट निर्माणको समय भएकाले प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई बजेट निर्माणको चरण सम्पन्न नभएसम्म अन्यत्र सरुवा नगर्ने।

चूडामणि पौडेल
सचिव

बोधार्थ

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।

श्रीमान् मुख्यसचिवज्यू,नेपाल सरकारः- सादर अवगतार्थ।

राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबारः- उपरोक्त निर्देशन पालना भए नभएको नियमित अनुगमन गरी प्रतिवेदन गर्ने।

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np